# विपश्यना

साधकहरुका लागि
प्रेरणा पत्र

बुद्ध वर्ष २५५१ आश्विन २०६४ वर्ष २४ अङ्क ६

## धम्मवाणी

**सभग्गतो वा परिसग्गतो वा, एकस्स वेको न मुसा भणेय्य ।
न भणये भाणतं नानुजञ्ञा, सब्बं अभूतं परिवज्जयेय्य ॥
-धम्मिक सुत्तं**

**सभा अथवा परिषदमा गएर एक-आपसमा झूठो नबोल्नु, नबोलाउनु र झूठो बोल्ने अनुमति नदिनु। सबै प्रकारका मिथ्या भाषण सम्पूर्ण रुपले त्यागी दिनु ।**

## धन्य विमला !

अगष्ट, १९६१ मा राधेश्यामसंग विवाह गरेर हाम्रो घरमा नव-दुलहीको रुपमा विमला आउँदा घरका सम्पूर्ण परिवार विपश्यी थिए । गरुदेव सयाजी ऊ वा खीनको चरण-कमलमा घरका बालक देखि बृद्धासम्म सबै बिपश्यी भइसकेका थिए । समस्त परिवार विपश्यना ध्यानको सुखद-शान्ति जीवन व्यतीत गरीरहेका थिए ।

दुलही विमला कलकत्ताको एउटा सुशिक्षित, अध्यात्मप्रेमी परिवारमा जन्मी हुर्केकी थिईन् । अत: उनीसंग अध्यात्मको बिऊ त थियो परन्तु त्यस समयमा भारतमा विपश्यना जस्तो पुरातन बिद्याको नाम पनि कसैलाई थाहा थिएन । अत: उनलाई यस सम्बन्धी ज्ञान हासिल गर्न र यस बिद्यालाई स्वीकार गर्न धेरै समय लाग्नेछ भनेर सोचेको थिएँ । परन्तु केही महिना पश्चात नै उनले यस कल्याणी मार्गमा अघि बढ्ने निश्चय गरीन् र श्री गुरुदेवको सानिध्यमा एउटा दश दिवसीय शिविरमा भाग लिईन् । यस उपरान्त परिवारको धर्म रसमा उनी पनि सामील हुन् पुगीन् । निश्चय पनि उनको अनेक जन्मको पूण्य पारमी थियो अत: पहिलो शिविरमा नै अधिक लाभ उठाईन् र विपश्यनाको धर्मगंगामा स्वत: पौडन थालीन् । गुरुदेव उनको प्रगतिले अधिक प्रसन्न हुनुहुन्थ्यो । उन्नाइस् बर्षकी विमला विदुषी थिई, बुद्धिशालिनी थिई र विज्ञानमा स्नातक गरेकी थिई । उनमा अन्य विचार धाराको कुनै लेप थिएन अत: उनलाई यो विद्या बुद्धिसंगत लाग्यो, युक्ति संगत लाग्यो, न्यायसंगत लाग्यो र मनपऱ्यो । रंगून विपश्यना केन्द्रमा गुरुदेवको सानिध्यमा उनले अनेक शिविर लिईन् । घरमा साँझ-विहान दिनहुँ अभ्यास र आइतबार साधना केन्द्रमा हामी सबैको साथमा गुरुदेवको छत्रछाँयामा ध्यान गर्दै रहीन् । यसरी विपश्यनामा उनले दिनहुँ प्रगती गर्दै रहीन् ।

सन् १९६५ मा बर्माको राजनीतिक र व्यावसायिक स्थितिको कारण बर्मा छोडेर राधेश्यामको साथमा भारत आई । त्यस समय भारतको परिवारमा न विपश्यना थियो न त्यस्तो कुनै वातावरण नै । सम्पूर्ण भारतमा विपश्यनाको नामोनिशान थिएन । करीब दुई हजार बर्ष अगाडि बिलुप्त भएको कारण विपश्यना सम्बन्धी ज्ञान कहीं कतै रत्ती भर पनि थिएन । यस्तो अवस्थामा उनी आफ्नो सुदृढ मनोबलको साहारामा राधेश्यामको साथमा नित्य साझँ-विहान विपश्यनाको अभ्यास गरी रहीन् । साधनाको सैद्धान्तिक र व्यवहारिक पक्षलाई लिएर कुनै शंका भएमा रंगूनमा पत्र पठाई त्यसको समाधान गर्थिन ।

जून १९६९ मा जब म विपश्यना बिद्याको अनमोल रत्न लिएर भारतमा आएँ, त्यस समयसम्म बर्मामा केही विपश्यी परिवार भारत आईसकेका थिए । पहिलो शिविर श्री दयानन्द अडूकियाको सहयोगमा बम्बईमा लगाएको थिएँ । दोस्रो शिविर तुरन्तवाद मद्रासमा भयो, यी दुबै शिविर वर्माबाट आएका विपश्यी सदस्यको प्रेरणा र उत्साहले सञ्चालन भएको थियो । शिविर पूरा गरेपछि म केही दिन राधेश्याम र विमलासंग वस्न ताड़पल्लिगुड़म गएँ ।

करीब तीन महिना भारतमा रहेर भिसा सकिएपछि वर्मामा नै फर्किऊँ कि भन्ने मनमा आयो । बम्बईमा शिविर राख्दा मेरा आमा बुबा पनि बस्नुभएको थियो । परिवारको अन्य विपश्यी सदस्यहरूको लागि मद्रासमा पनि एउटा शिविर चलाईसकेको थिएँ । अब किन झंझट गरुँ ? फेरि अर्को तिर गुरुजीको भविष्यवाणी थियो कि पच्चीस सय वर्ष पछि विपश्यनाको पुनर्जागरणको समय आईरहेको छ । भारतमा यस समय अधिक पूण्यपारमी भएका व्यक्तिहरु जन्मिएका छन् । तिनीहरुले यस कामको लागि सहयोग गर्नेछन् र राधेश्याम र विमलाको पनि यही आग्रह थियो कि म बर्मा नफर्कून् । म अन्यौलमा थिएँ । श्री दयानन्दजी र प्रथम शिविरमा सम्मिलित साधकहरुको इच्छा थियो कि बम्बईमा एउटा शिविर राखियोस् । त्यसको सारा प्रवन्ध तिनीहरू आफैले गर्ने निर्णय गरे । त्यसको दिन निश्चित हुँदासम्म दिल्लीमा पनि एउटा शिविर लगाउने कुरा उठ्यो र वर्माका मेरा मित्र एवं सहयोगी डाक्टर ओमप्रकाशजीका परिवारका केही सदस्यहरु पनि यहीं थिए । उनका साथै साहित्य क्षेत्रका मित्र श्री विष्णु प्रभाकर र श्री यशपाल जैन पनि दिल्लीमा नै थिए । अत: मलाई विश्वास थियो कि त्यहाँको शिविर सुचारुरुपले सञ्चालन हुनेछ ।

Downloaded from http://www.dhamma.digital

ताड़पल्लिगुड़मबाट दिल्ली जानु केही समय अगाडि मात्र सारनाथको भिक्षु धर्म रक्षितजीले त्यहाँ पनि शिविर लगाउने इच्छा गरेको खबर पाएँ यो सूचनाले मेरो मनमा उत्साह जाग्यो, प्रसन्नता जाग्यो। यी खवरले दुलही बुहारी झन खुसी भईन्। म बर्मा फर्केला भन्ने उनलाई डर थियो । गुरुदेवको भविष्यवाणी र मांगलिक आशीर्वाद सफल हुनेछ भन्ने उनलाई पूर्ण विश्वास थियो ।

बम्बई र दिल्लीमा हुने शिविरको लागि मलाई केही संदेह थिएन, परन्तु सारनाथको शिविरको बारेमा भने केही दुविधा थियो। एक तर्फ त त्यहाँ शिविर राख्ने भनेर सुन्ने बित्तिकै मनमा प्रसन्नता थियो तर अर्को तर्फ त्यहाँको शिविरको अर्थ-व्यवस्थाको बारेमा चिन्ता थियो। केही वर्ष अगाडि गुरुदेव स्वयं भारत आएर शिविर राख्ने निर्णय गर्दा उनको प्रबल धर्म कामना थियो कि प्रथम विपश्यना शिविर सारनाथमा नै राख्ने। जहाँ पच्चीससय वर्ष पूर्व भगवान् गौतम बुद्धले प्रथम धर्मचक्र प्रवर्तन गर्नुभएको थियो। त्यस समय रंगूनमा रहँदा भिक्षु धर्मरक्षितजी संग पत्राचार गरेको थिएँ। र उनलाई भनेको थिएँ कि शिविरको सारा व्यवस्थाको दायित्व उनी स्वयंले बहन गरे राम्रो हुन्छ र आर्थिक व्ययको बारेमा विल्कुल चिन्ता गर्नु पर्दैन । उनले सहर्ष स्वीकार गर्नु भएको थियो । सायद त्यसै आश्वासनको आधारमा नै मलाई अब निमन्त्रणा गरेको होला तर अब त त्यस बेलाको जस्तो परिस्थिति थिएन। म यसै दुविधामा थिएँ कि उनलाई म कसरी लेखूँ कि आर्थिक प्रवन्ध पनि तपाई स्वयं गर्नुस् भनेर । बम्बई र दिल्लीमा हुने शिविरमा त गृहस्थ व्यक्तिहरू हुनेछन्। अत: शिविर सञ्चालनको आर्थिक भार तिनीहरू स्वयंले उठाउनेछन् । परन्तु सारनाथको शिविरमा त अधिकतर भिक्षु र सन्यासीहरू हुनेछन् त्यहाँ त यसको समाधान हुन सक्दैन। भारतको एउटा सम्पन्न परिवारको सदस्य भएर म कसरी अरुको सामू हात फैलाऊँ। म धर्मसंकटमा फसेको थिएँ।

परिवारमा अविपश्यी सदस्यहरुबाट जुन सहयोग प्राप्त भइरहेको थियो, त्यो कम थिएन। मेरो यात्रा र भोजनको खर्च सबै उनीहरूकै थियो । मेरो सेवाको लागि एकजना निजी सहायक राखिएको थियो उनको खर्च पनि उनीहरूकै थियो । विपश्यना नगरेर पनि विपश्यनाको कामको लागि यति धेरै खर्च उठाउनु पर्याप्त थियो । यही नै पूण्यको कुरा थियो, बडो सन्तोषको कुरा थियो । यसभन्दा अधिक के अपेक्षा गर्न सक्छ र ? वर्माबाट आएका विपश्यी साथीहरुको हालत मलाई राम्ररी थाहाथियो। अत: सारनाथमा शिविर राख्नु भित्र-भित्रै प्रसन्न भएता पनि बाहिरबाट टाल्न चाहन्थें। फेरि अचानक मनमा यस्तो कुरा उठ्यो कि यस समस्याको समाधान खोज्ने म को हुँ र ? धर्मले जस्तो चाहन्छ त्यस्तै हुन्छ। म केवल माध्यम हुँ। भारतमा धर्मको पुनर्जागरण मेरो माध्यमले हुनु छ भने धर्मले स्वयं मार्ग प्रशस्त गर्दछ। म चिन्ताबाट बाहिर आँए, भारमुक्त भएँ र प्रशान्त चित्तले बम्बईको यात्राको लागि तयार गरें । हैदरबाद जानको लागि तल बाहन तयार थियो, त्यहाँबाट नै बम्बई जानु पर्दथ्यो। अनायास दुलही विमला मलाई नमस्कार गर्न आई। नमस्कार गरेर रुमालमा बाँधिएको एउटा सानो पोको मेरो चरणमा राखी दियो। त्यसबाट केही खुद्रा पैसा बाहिर निस्कियो। भारत आएपछि घरखर्चको लागि उनलाई जति पैसा प्राप्तहुन्थ्यो त्यस मध्येबाट उनले केही बचाएकी थिईन्, ती सबै संकलन गरिएकी थिई। उनले प्रसन्न चित्तले भनीन् कि यो आगामी शिविरमा काम आउनेछ। बास्तवमा मैले मेरो आर्थिक चिन्ता कसैको सामू पनि व्यक्त गरेको थिएन। उनको मनमा दान दिने इच्छा स्वत: प्रकट भयो, उनको पूण्य पारमी थियो वा धर्मको महिमा। थोरै भएपनि त्यो अपूर्व दान सिद्ध भयो। मलाई थाहाथियो कि त्यस समय परिवारलाई जति आवश्यक हुन्थ्यो त्यति पैसा मात्रै पठाइन्थ्यो । परन्तु एकजना कुशल र मितव्ययी गृहिणी भएको कारणले उनले त्यसबाट जति बचायो त्यो समेटेर धर्मको नाममा, धर्म सेवाको लागि दान दियो। मेरो मन मात्र होइन आँखा पनि रसाएर आयो। मैले नचाहेर पनि आखिर उनले यो दान मेरो सामानमा बाँधिदिई । आज पनि यस घटनालाई सम्झींदा मनमा खुल्दुली हुन्छ। मन मुद्दिताले भरेर उनलाई साधुवाद दिन थाल्छु ।

केही समय पश्चात रंगूनमा बसेका सारा परिवारको साथमा देवी इलायची पनि भारतामा आईन्। अभावले ग्रस्त स्थिति यस्तै दश वर्षसम्म चली रह्यो । विपश्यी अथवा अविपश्यी जो भएपनि परिवारका सम्पूर्ण सदस्य अत्यंत धर्मभीरु थिए। तै पनि यस्तो स्थिति किन आईरह्यो थाहाछैन ? प्रारम्भमा त यस्को कारण धर्म विरोधी शक्तिहरू थान्थें परन्तु पछि यस्तो लाग्यो कि सायद धर्मले नै यस्तो चाहेको होला। यदि धर्माचार्यले धनको बलमा धर्मको पूर्नस्थापना गर्न चाहन्छ भने महत्व धन हुनजान्छ प्रज्ञा होइन। विद्या धनको बलमा दिएको भए यो बिरुवा धेरै अगाडि नै मुर्झाइसक्थ्यो, अत: यस्तो परिस्थिति अवश्य आउनुपर्थ्यो । भारतमा विपश्यनाको बिरुवाको जरा फैलन थालेको समयसम्ममा घरको वातावरणमा पनि सुधार आइसकेको थियो। परिवारका सबैजनाले आ-आफ्नो स्वतन्त्र व्यापार जमाई सकेका थिए। विपन्नता दूर हुँदै गयो। विमला, राधेश्याम तथा देवी इलायची र छोराहरुले विपश्यनाको सेवाको लागि येथेष्ट दान दियो, अहिले पनि दिइरहेछ। परन्तु प्रारम्भिक चरणमा अथवा ग्रस्त समयमा जुन त्याग पूर्ण दान दियो त्यो वास्तवमा पूण्यशाली थियो, यस्को दाँजोमा अन्य हुन सक्दैन, त्यस्को कुनै तुलना छैन ।

बम्बई, दिल्ली, सारनाथ र कलकत्तामा सफलतापूर्वक शिविर लगाएर ताड़पल्लिगड़म जाँदा त्यहीं फ्याक्टरीमा नै एउटा शिविर लगाइयो। त्यस शिविरमा साँझ दिइने प्रवचनको रिकर्डीङ्ग विमलाले गरीन्। ती टेपबाट पुन: लेखेर सबै सारीन्। उनको हातले लेखिएका ती रेकर्ड आज पनि सुरक्षीत छन्। टेप सुनेर हातले लेख्नु सजिलो काम होइन परन्तु उनी भन्थी यसरी लेख्दा मनमा बडो धर्म संवेग उत्पन्न हुन्छ, प्रिती-प्रमोद जाग्छ। त्यसैले लेखेर फाइदा नै हुन्छ, भार हुँदैन ।

Downloaded from http://www.dhamma.digital

केही बर्ष अगाडि विमला र राधेश्याम दुवैलाई सहायक आचार्य र पछि वरिष्ठ सहायक आचार्य बनाइयो । दुवैले शिविरमा सेवा दिईरह्यो। विमला साधिकाहरूको सेवा अत्यन्त वात्सल्यपूर्ण मैत्रीभावले गर्दथी । कति साधिकाहरूले उनको धेरै प्रशंसा गरेका छन् ।

उनलाई केही महिना अगाडि मात्र धर्म-साहित्य प्रकाशनको सियोजिका बनाइयो। तुरुन्त पाँच दिनको प्रवचनको संकलन गर्ने काममा लागीन् । उनले यसलाई अप्रिल १, १९९५ मा 'निर्मल धारा धर्मकी' नामले संपादन गरीन्। अप्रिल २ को दिन एकदिवशीय शिविर थियो त्यसैले शिविर चलाउन राधेश्याम संगै गईन् । बिहान आनापान दिए, दिउँसो विपश्यना दिए त्यसपछि तुरुन्त उनलाई केही अस्वस्थ्य जस्तो लाग्यो र राधेश्यामले उनलाई घर छोडी आए । घर पुगेर पनि उनले राधेश्यामलाई पुन: शिविरमा फर्किन आग्रह गरीन्। आफ्नो अस्वस्थ्यताको सामना स्वयं गर्न उनी दृढ थिईन्। साँझ शीवर समापन पछि राधेश्याम घर फर्किंदा उनी चीरनिन्द्रामा सुतेकी थिई। यस्तो अन्तिम अवस्थासम्म पनि उनले आफ्नो सेवाको लागि कसैलाई कष्ट दिएन । एकान्त एक्लै रहेर उनले आफ्नो श्वास छोडीन् ।

विमलालाई डमको पूरानो रोग थियो। सायद अन्तिम समयमा उनको रोग प्रबल भयो होला । उनको नजीकै फोन थियो तै पनि परिवारका कसैलाई पनि खबर नै नदिई मृत्युको सामना एक्लैले शान्त पूर्वक, सजग रहेर गरीन् ।

विमला साधिकाहरूलाई शरीरमा दुखाई प्रबल भयो भने शान्त चित्तले हत्केलामा संवेदना हेर्न सल्लाह दिन्थीन् । सायद उनी स्वयंले पनि अन्तिम अवस्थासम्म समता पूर्वक हत्केलाको संवेदनालाई नै हेरिरह्यो होला, उनको मृत्यु हुँदा दुवै हात खुल्ला राखिएको थियो। यसैकारण मृत चेहरामा शान्ति र कान्ति प्रदर्शित थियो, दिव्य थियो, उनको निश्चित सद्गति नै भयो होला ।

यही साढे दुई महिना पहिला मेरो परिवारमा एउटा दुर्घटना भएको थियो। मद्रासदेखि करिब ५० माइल टाढा कार दुर्घटना भएर मेरो नाति विनीतको मृत्यु भएको थियो । यस्तो आघात मृत्यु हुँदा पनि विनीतको चेहरामा शान्ति र सौम्यता छाएको थियो । भय र पीडाको अलिकति पनि चिन्ह थिएन। विपश्यनाले अन्तिम समयमा सद्गति प्राप्त गर्न मद्दत गर्दछ । यसै कुरालाई सम्झाउँदै देवी इलायचीको साथ विमलाले परिवारका अन्य महिलालाई विशेष गरी विनीतको आमालाई धैर्यपूर्वक विलापविहीन वातारण बनाई राख्न सहयोग गऱ्यो ।

अब उनी स्वयं यसै शान्तिको साथ मृत्युको काखमा समाईन् । अत: मंगल मैत्रीको साथ विलापविहीन वातावरणमा नै उनको पार्थिव शरीर जलाइयो। जस्ले अन्तिम समयसम्म धर्मको सेवा गरे धर्म संचित गरेर प्राण छोड्छ भने उनको लागि रुनु नै किन ? कराउनु नै किन ? विलाप गर्नु नै किन ?

"बाँकी सारा जीवन धर्मको काममा लागोस् ।
अन्त समयसम्म धर्मको सेवा भईरहोस् ॥"

उनले पनि जीवनको उद्देश्य यही बनाइकी थिईन् । यस मार्गलिक उद्देश्य पूर्तिको इच्छा राख्ने विपश्यना योगिनी विमलाको धर्ममय महाप्रयाणले सबैको मनमा प्रेरणा नै जागून् । उनको प्रति मंगल मैत्री नै जागुन् ।

(साभार: हिन्दी विपश्यना पत्रिका, बैशाख पूर्णिमा, १९९५) **कल्याण मित्र** स.ना.गो.

(नोट: साधक साधिकाको प्रेरणाको लागि पुन: प्रकाशित)

## पगोडा

प्रचलित पगोडा शब्द पालि शब्द पनि होइन, न संस्कृत शब्द हो, न हिन्दी, न भारतको कुनै अन्य भाषाको शब्द हो। न यो श्रीलंका, बर्मा, थाईल्यान्ड, काम्बोदियन, लाओस अथवा चीन, जापान आदि बुद्धानुयायी देशहरूको कुनै भाषाको शब्द हो । यसको उत्पत्ति कसरी भयो भन्ने बारेमा जानौं ।

जुन चैत्यको गर्भमा तथागतको अथवा कोही अरहन्त व्यक्तिको अस्थिधातु स्थापना गरेको हुन्छ त्यसलाई "धातु-गब्भ" धातुगर्भ भनिन्छ । समय बित्दै गएपछि सबै चैत्यलाई धातुगब्भ भनिन थाल्यो । यस शब्दको अपभ्रंश हुदैं "धगब्भ" अथवा "धगोबा" हुदैं "डगोबा" हुन थाल्यो। अगाडिको सहस्राब्दिमा जब यूरोपको पुर्तगाली नागरीक जहाजबाट व्यापार गर्न पूर्व पुगे तब भारतमा उनले चैत्य देखेनन्। तर श्रीलंकामा ठाँऊ-ठाँऊमा चैत्य भेट्टाए। यो उनको लागि एउटा नयाँ अनुभव थियो। त्यहाँका निवासीलाई सोधे उनीहरुले यसको नाम "दगोबा" भने। यो नयाँ उच्चारण उनलाई कठीन लाग्यो। उन्ले दगोबालाई "पगोडा" भन्न थाले । पछि अन्य बुद्धानुयायी देशहरूमा गए त्यहाँ पनि धेरै चैत्यहरू देखे । त्यसलाई "पगोडा" नै भन्न थाले। समय बित्दै गएपछि चैत्य, चेतिय, चेदिगो वा स्तूप आदि सबैलाई पगोडा भन्न थाल्यो । पछि गएर पगोडा शब्द विदेशमा मात्र नभई स्थानीय मानिसहरुमा पनि प्रचलित हुन थाल्यो ।

## धन्य कृतज्ञता

सम्राट अशोकको असीम उपकारको ऐतिहासिक घटनालाई सुनेर एकजना साधकको मनमा कृतज्ञताको गम्भीर चेतना उत्पन्न भयो । र उनले एउटा विशाल अशोक स्तम्भको निर्माण गरेर यस विशाल विश्व पगोडाको परिसरमा स्थापित गर्ने निर्णय गरेको छ। यो स्तम्भ सारनाथको मूल स्तम्भको आकृति र परिमाण अनुसार नै हुनेछ। यसको साथ साथै यस स्तम्भमा धर्मचक्र प्रवर्तनको चक्र पनि बनाएर स्थापना गरिने छ । कृतज्ञताको यस विपुल धर्मचेतना पूरा गर्न लगभग ७-८ लाख रुपियाँ लाग्ने अनुमान गरिएको छ । सम्राट अशोकको प्रति आफ्नो कृतज्ञता प्रकट गर्ने यो निश्चयले दाता साधकको प्रभूत मंगल समाएको छ ।

Downloaded from http://www.dhamma.digital

## पुणे विश्वविद्यालयमा पालि प्रशिक्षण

एउटा खुसीको खबर हो कि भारतको पुणे विश्वविद्यालयले यस बर्ष देखि 'पालि' भाषा सिकाउने एउटा विभाग जोडेको छ । विद्यार्थीहरूले 'पालि' भाषामा उच्च शिक्षा प्राप्त गर्ने यो एउटा उत्कृष्ट अवसर हो । त्यहाँ पालिमा स्नातक र स्नाकोत्तर डिग्रीको उपाधि प्रदान गरिनेछन् । यस प्रकार पटिपत्ति अर्थात् विपश्यना साधनाको साथ साथै परियत्ति अर्थात् भगवानको वाणीको शास्त्रीय ज्ञानबाट पनि परिचित हुने अवसर पाउनेछन् । साँच्चिकै धर्म उदयको सही समय आएको छ । प्रोस्पेक्टस् तथा अन्य जानकारीको लागि विभागाध्यक्ष, पालि विभाग, पुणे विश्वविद्यालय, पुणे (महाराष्ट्र) मा सम्पर्क राख्नुहोस् ।

✿

## धम्महल निर्माणको जानकारी

नेपाल विपश्यना केन्द्र, धम्मश्रृङ्गमा रहेको वर्तमान धम्महलको पुन: निर्माण गर्नुपर्ने आवश्यकता महसुस गरिएको छ । नयाँ योजना अनुसार २५४ जना साधक साधिकाहरू सुविधापूर्वक ध्यानगर्न सक्नेछन् । यसको अनुमानित लागत ९१ लाख रहेको छ ।

निर्माणकार्य सक्दो छिटो सम्पन्न गरी आगामी जून देखि शिविर सञ्चालन गर्न योग्य बनाउने लक्ष्य राखिएको छ । यस पूण्य कार्यमा सहभागी हुन चाहने सम्पूर्ण साधक-साधिकाहरूले धर्मश्रृङ्गमा वा नगर कार्यालय ज्योति भवनमा दान दिन सक्नु हुनेछ । दान, किस्तादान, जिन्सीदान, श्रमदान अथवा निर्माण कार्यमा कुनै अंश आफ्नो तर्फबाट सम्पन्न गराउने इच्छा भए पनि दिन सक्नु हुनेछ । निश्चित रकम जम्मा गरेर मात्र निर्माण कार्यको थालनी गर्ने निर्णय भएकोले दान संकलन गर्ने कार्य भईरहेको छ । हालसम्ममा ६० लाख दान संकलन भईसकेको छ । यस अनुसार आगामी डिसेम्बर महीनादेखि निर्माण कार्य थालनी गर्ने निर्णय लिईएको छ ।

✿

## धर्म गाथा

### हिन्दी

आओ लागों विश्व के, धारें धर्म महान ।
शील समाधि निधान हो, होवें प्रज्ञावान ॥

आओ मानव मानवी, चलें धर्म के पंथ ।
इस पथचलते सत्पुरुष, इस पथ चलते संत ॥

धर्म-पथ ही शान्ति-पथ, धर्म-पथ सुख-पंथ ।
जिसने पाया धर्म-पथ, मंगल मिला अनंत ॥

पंथ दिखाया बुद्ध ने, चलना अपना काम ।
चलते चलते आप ही, मिटते दु:ख तमाम ॥

धन्य धरम ऐसा मिला, मिली रतन की खान ।
दुख दारिद सब मिट गये, तनमन पुलकित प्राण ॥

कुशल कर्म संचित करें, करें न पाप लवलेश ।
मन निर्मल करते रहें, यही धरम उपदेश ॥

मंगल कामना सहित
**पारमिता ट्रेडिङ्ग कम्पनी लि.**
काठमाडौं, फोन ४२६४१४७
विक्रेता: शीशा र आल्मोनियम च्यानल

### हिन्दी

जीवन भर करते रहें, कुशल कर्म भरपूर ।
अकुशल से बचते रहें, रहें पाप से दूर ॥

चलें धरम के पंथ पर, सब विधि मंगल होय ।
अपना भी होवे भला, भला सभीका होय ॥

बाकी सारी जिन्दगी, धरम हेतु लग जाय ।
अंतिम क्षण तक, धरमकी सेवा होती जाय ॥

मनचाही होवे कभी, अनचाही भी होय ।
अनचाही के योग से, मन विचलित ना होय ॥

सुख से जीने की कला, सत्य धरम है सोय ।
सुख से जीना आय तो, मरण सुखद ही होय ॥

जब जीवन में दुख जगे, चित समता ना खोय ।
तो मरणान्तक वेदना, सहन सहज ही होय ॥

मंगल कामना सहित
**सीताराम गोकुल मिल्क लि.**
काठमाडौं, फोन ४३३०७८८
विक्रेता: दुग्ध तथा दुग्ध पदार्थ

*सम्पादक :* रोशनी शाक्य, *प्रकाशक :* नेपाल विपश्यना केन्द्र, धर्मश्रृङ्ग, बुढानीलकण्ठ, काठमाडौं । फोन : ४३७१६५५, ४३७१००७ २०६४ आश्विन
*सम्पर्क स्थान :* श्री रूप ज्योति, ज्योति भवन, पो. ब. नं. १२८९६, काठमाडौं । फोन : ४२२५४९०, ४२२३९६८, ४२४८९४९, ४२५०५८१, email: nvc@htp.com.np
*मुद्रक :* न्यू नेपाल प्रेस, प्रधान कार्यालय फोन : ४४३४ ८५०, ४४३४ ७५३; शाखा कार्यालय फोन : ४२५ ९०३२, ४२ ९४५०, फ्याक्स : (+९७७-१) ४२५८६७८

जि.प्र.का.द.नं. ३८/५१/५२

● आजीवन शुल्क रू. २००/-

साधकको नाम : ..........................................

ठेगाना : ..........................................

..........................................

..........................................

Downloaded from http://www.dhamma.digital